नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ४८९ मिति :- २०६५/९/१४

नेपाल राष्ट्र.बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु र
इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।

विषय :- **एसियन क्लियरिङ्ग यूनियन कारोवार सम्बन्धी व्यवस्था ।**

महाशय,

एसियन क्लियरिङ्ग युनियन (ACU) अन्तर्गत गरिने कारोवारहरूको सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. एसियन क्लियरिङ्ग युनियन अन्तर्गतका कारोवाहरूमा प्रयोग हुने मनिटरी युनिटको विनिमय दर अमेरिकी डलर तथा यूरो सँग वरावर हुने व्यवस्था गरी यसलाई "ACU DOLLAR" तथा "ACU EURO" भनी नामाकरण गरिएको छ ।
२. ACU कारोवारका लागि युनियनका सदस्य देशहरूका वाणिज्य बैंकहरूले ACU DOLLAR तथा ACU EURO ACCOUNT खोल्नुपर्नेछ ।
३. एसियन क्लियरिङ्ग युनियन अन्तर्गत हुने आयात निर्यात कारोवारको भुक्तानी अमेरिकी डलर तथा यूरोमा मात्र गर्नुपर्नेछ । यस अनुसार सो कारोवारको लागि यस बैंक र सम्वन्धित बैंकहरू बीच गरिन कारोवार पनि अमेरिकी डलर तथा यूरोमा मात्र हुनेछ ।
४. ACU सदस्य देशहरू बीच हुने आयात निर्यातको लागि खोलिने प्रतीतपत्र ACU DOLLAR तथा EURO मा मात्र खोल्नुपर्नेछ ।
५. नेपाल र भारत बीच हुने व्यापारिक कारोवारहरू वाहेक नेपाल र ACU का अन्य सदस्य राष्ट्रहरू बीच हुने व्यापारिक कारोवारहरूको भुक्तानी अनिवार्य रुपले एसियन क्लियरिङ्ग युनियनको भुक्तानी पद्धतिमार्फत नै गर्नुपर्नेछ ।

मिति २०६३।१२।११ मा जारी गरिएको "एसियन क्लियरिङ्ग युनियन" कारोवार सम्बन्धी ई.प्रा.परिपत्र संख्या ४२४ खारेज गरिएको छ ।

भवदीय,

(रामजी रेग्मी)
कार्यकारी निर्देशक

<u>बोधार्थ:</u>

१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय,आ.का.वि.तथा नि.वि. महाशाखा, सिंहदरवार ।
४. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. बैंक सुपरिवेक्षण विभाग ।
६. आन्तरिक लेखा परिक्षण विभाग ।
७. सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
८. नेपाल बैंकर्स संघ ।